# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २३, अङ्क : १८, २०८१ माघ २७ गते आइतवार ( 9 Feb. 2025 ) मूल्य रु. २०।-




प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रवार सातै प्रदेशका मुख्यमन्त्रीहरुसँग भर्चुअल बैठक गर्दैको दृश्यः प्रधानमन्त्री ओलीले समस्यालाई पहिचान गरेर समस्या समाधानका लागि एक्सनमा जाने बताउनु भएको छ ।

## समस्या पहिचान गरी, समाधान गर्ने कार्य हुन्छ

सुस्केरा समाचारदाता

काठमाडौं, माघ - प्रधानमन्त्री केपी शर्मा ओलीले सेवा प्रवाह, सुशासन, समग्र प्रगति, विद्यमान चुनौती र संघीय सरकारले गर्नुपने ' सहजीकरणका विषयमा सातै प्रदेशका मुख्यमन्त्रीहरु सँग गएको शुक्रवार भर्चुअल बैठक गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारको ' एक्सन रुम'बाट प्रधानमन्त्री ओलीले मुख्यमन्त्रीहरुसँग पहिलो पटक यस प्रकारको संवाद गर्नुभएको हो । करिब साढे दुई घन्टा भएको छलफलका क्र(ममा प्रधानमन्त्री ओलीले प्रदेशका मुख्यमन्त्रीहरुसँग एक्ला एक्लै पनि छलफल गर्नुपर्ने आवश्यकता देखिएको बताउँदै आगामी आर्थिक वर्षको बजेट निर्माणको तयारीमा जुट्दा थप छलफल गर्दै जाने विश्वास दिलाउनुभयो ।

प्रधानमन्त्री ओलीले सकेसम्म प्रदेशमै र कतिपय प्रदेशसभामा पुगेर राष्ट्र निर्माणबारे केन्द्र र प्रदेशका सोचबारे विमर्श गर्ने र समस्याको पहिचान गरी कार्यान्वयनको 'एक्सन' मा जाने बताउनु भयो ।

प्रधानमन्त्री ओलीले अहिलेको सूचना र प्रविधिको जमानामा यसको उपयोग गरी जिल्ला तह र आयोजनागतरुपमा मुख्यमन्त्रीहरुले पनि यस्ता छलफल गर्न सकिने सुझाव दिनुभयो ।

प्रधानमन्त्री ओलीले आफू पहिला प्रधानमन्त्री हुँदा सिंहदरबार स्थित

....... .. .पेज नं. ८ मा

## डोल्पामा ७७७ जनाले एसइई दिदै

सुस्केरा समाचारदाता

डोल्पा, माघ - आगामी चैतमा सञ्चालन हुने माध्यामिक शिक्षा परीक्षा (एसइई)मा डोल्पाबाट ७ सय ७७ जना विधार्थीले परिक्षा दिने भएका छन् ।

जिल्लाभरका १८ वटा माध्यमिक विद्यालय र एउटा खुल्ला विद्यालयबाट ३ सय ६५ जना छात्रा र ४ सय १२ जना छात्र गरि जम्मा ७ सय ७७ जना परीक्षार्थीहरु ले २०८१ को एसइईको परीक्षामा सहभा गिता जनाउने शिक्षा विकास तथा समन्वय इकाई डोल्पाले जनाएको छ । यस बर्षको माध्यमिक शिक्षा परीक्षा एसइईका लागि डोल्पाबाट ७ सय ७७ जनाले परीक्षा फारम भरेको जनाएको छ । यस बर्षको एसइईको परीक्षा आगामी चैत्र ७ गते देखि देशभर हुदैछ ।

एसइई परीक्षालाई मर्यादित र शान्त बन(ाउन परीक्षा केन्द्र र सम्बन्धित निकाय लाग्नु पर्छ । सबैभन्दा परीक्षा मर्यादित बनाउन राखिएका निरिक्षकहरुले नै चिटिङ गराउने परिपाटी हटाउन प्रयास गर्नु आवश्यक रहेको विज्ञहरुको सुझाब

....... .. .पेज नं. ८ मा

## घटेर ठेक्का लिदै, काम अलपत्र पार्दै

सुस्केरा समाचारदाता

डोल्पा, माघ - विभिन्न विकास योजनाको ठेक्का लिने क्रममा ठेकेदारले धेरै घटेर ठेक्का लिंदै काम गर्ने क्रममा अलपत्र पार्दै गरेको देखिन्छ ।

डोल्पाका विभिन्न विकास योजनाहरुको ठेक्का भएका तर काम निरन्तर सुचारु हुन नसकेको जनाइएको छ । यो सबै ठेक्का लिने क्रममा धेरै घटेर ठेक्का बोल्ने पछि काम आधा मै अलपत्र पार्ने गरेका धेरै योजनाहरु रहेका छन् ।

त्रिवेणीमा मुड्केचुला गाउँपालिका तर्फ जाने पक्की पुलको ठेक्का भएको धेरै बर्ष भैसेकेको छ । त्यो पुल चन्द्र थकालीले धेरै घटेर लिएको र काम गर्न बादललाई दिएका थिए । काम गरेको भुक्तानी चन्द्र थकाली आफैले लिने र काम गर्ने गराउनेलाई कामको पैसा नदिंदा काम बिचमा रोकिएको जनाइएको छ ।

....... .. .पेज नं. ८ मा

## बजार मूल्य घटाउन डेरी संचालन

सुस्केरा समाचारदाता

डोल्पा, माघ - डोल्पाको सदरमुकाम दुनै बजार र आसपासका गाउँहरुमा दुध र दुध चियाको बजार मूल्य सस्तो बनउने उद्धेश्य राखेर डेरी स्थापना भएको छ ।

दुनै बजारमा लामो समयदेखि व्यापार गर्दै र उद्योग वाँणिज्य संघ डोल्पाको नेतृत्व समेत गरिरहेका लालिमान बुढाले दुनै बजारमा भएको दुध र दुध चिया लगायतका उपभोग्य सामग्रीहरुमा मूल्य सस्तो बनाउने उद्देश्य भन्दै डेरी संचालन गर्नु भएको छ ।

डोल्पा उद्योग वाँणिज्य संघका अध्यक्ष समेत रहेका लालिमान बुढाले डोल्पाको सदरमुकाम दुनै बजारमा दुधको मूल्य महंगो रहेको बताउदै मूल्य नियन्त्रण गर्न पनि डेरी संचालन

....... .. .पेज नं. ८ मा

## कर्मचारी युनियनको अधिवेशन सम्पन्न

सुस्केरा समाचारदाता

डोल्पा, माघ - डोल्पाको सदरमुकाम दुनै स्थित न्यू सिद्धार्थ होटेलको सभा कक्षमा सम्पन्न नेपाल निजामती कर्मचारी युनियन जिल्ला कार्यसमिति डोल्पाको नवौं जिल्ला अधिवेशन सर्वसम्मत नेतृत्व चयन गर्दै सम्पन्न भएको छ ।

अधिवेशनले अध्यक्षमा दिर्घराज आर.सी., उपाध्यक्षमा कृष्णरुप बुढा, उपाध्यक्ष महिलामा सुगा शाही, उपाध्यक्ष समावेशीमा तुलबहादुर नेवार, सचिवमा बिरेन्द्र डाँगी, सहसचिवमा झनकराज जोशी, कोषाध्यक्षमा सुनिल गुरुङ्ग, र सदस्यहरुमा क्षेत्रबहादुर महत हरिचन्द्र हमाल माधब शाही, मुना विसी, जनक बहादुर शाही, विनिता शाही, ओम सुभम कोहार,जनक थापा, दिप बोहोरा सहित ११ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत रुपमा निर्वाचित गर्दै सम्पन्न भएको हो ।

शनिवार सम्पन्न भएको अधिबेशनबाट केन्द्रिय महाधिबेशन प्रतिनिधिमा गंगा खतिवडा, दलबहादुर बस्नेत, गगनराज महतारा, शुरेस कुमार केसी, लक्ष्मण बहादुर शाही, त्यस्तै प्रदेश

....... .. .पेज नं. ८ मा

## सार्वजनिक खर्च, अपेक्षाकृत प्रगति नहुनुका १० कारण

सुस्केरा समाचारदाता

काठमाडौं, माघ - सरकारले सार्वजनिक खर्च अपेक्षाकृत रूपमा बढ्न नसक्नुका १० वटा कारण पहिचान गरेको छ । अर्थ मन्त्रालयले गएको बिहिबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक समिक्षा तथा मूल्याङ्कन प्रतिवेदनमा बजेट तर्जुमा गर्दा पूर्वतयारी पूरा भएका आयोजनामा मात्र विनियोजन हुन नसक्नुलगायतका कारण उल्लेख गरेको हो । यस्तै, वन क्षेत्रको उपयोग, आयोजना स्थलको जग्गा प्राप्ति, मुआब्जा निर्धारण र वितरण, क्षतिपूर्तिलगायत प्रक्रिया पूरा नभएका आयोजनामा समेत बजेट विनियोजन गर्ने प्रवृत्ति विद्यमान रहेकाले सार्वजनिक खर्चमा अपेक्षित सुधार नभएको स्पष्ट पारिएको छ ।

आयोजनाको निर्माण गर्ने मोडालिटी, कूल लागत, विस्तृत आयोजना प्रतिवेदन र आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक तथा भौगर्भिक पक्षको वस्तुगत विश्लेषण एवम् मूल्याङ्कन गरी बजेट प्रस्ताव गर्न नसकेका कारण बजेट कार्यान्वयन कार्ययोजनाको परिपालना हुन नसक्नुलाई पनि मन्त्रालयले कारणको रूपमा पहिचान गरेको छ ।

"स्रोत सुनिश्चित भएका आयोजनाहरूमा न्यून बजेट प्रस्ताव गने ' र प्राप्त बजेट सीमाबाट नयाँ आयोजना प्रस्ताव गरी आयोजनाको संख्या बढाउँदै जाँदा सिर्जित दायित्व भुक्तानीमा समस्या आउनुका साथै अधुरा आयोजना बढ्न गई समग्र खर्च व्यवस्थापन चुनौतिपूर्ण हुँदै गएको छ," अर्थ मन्त्रालयले भनेको छ ।

....... .. .पेज नं. ८ मा

**समस्या पहिचान . ... .. ....**

कार्यालयमा एक्सन रुमबाट देशभरका निर्माणाधीन आयोजनाबारे अनुगमन र छलफल गर्न थालेको स्मरण गरा उँदै यस कक्षको उपयोगलाई बढाउँदै जाने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई)मा ४८ प्रतिशत विद्यार्थी मात्रै उत्तिर्ण हुने अवस्था सुधार्न आफूले युवाहरुको सहयोगमा अनलाइन माध्यमबाट मुख्य विषयमा अतिरिक्त कक्षा सञ्चालनको आरम्भ गराएको बताउँदै यसमा ५७ हजार विद्यार्थी सहभागी भएको जानकारी गराउनुभयो ।

सकिए यसै वर्षदेखि नत्र आगामी बर्षदेखि यस प्रकारको तयारी गर्न मुख्यमन्त्रीहरुलाई आग्रह गर्दै प्रधानमन्त्री ओलीले विकासको आधार का रुपमा शिक्षालाई लिनुपर्नेमा जोड दिनुभयो । उहाँले डिजिटल नेपालतर्फ आफू अघि बढेकाले स्वास्थ्य लगायत अन्य क्षेत्रमा पनि सूचना र प्रविधिको उपयोग गरेर जनतालाई लाभ दिन सकिने बताउनुभयो ।

संवादमा मुख्यमन्त्रीहरुले यस प्रकार को छलफल राखिएकामा आभार व्यक्त गर्दै आफ्ना सरकारले चालु आर्थिक वर्षको हालसम्म हासिल गरे का भौतिक र वित्तीय प्रगति, विद्यमा न चुनौती र समस्या समाधानका उपाय बारे अवगत गराउनुभएको थियो । उहाँहरुले बहुवर्षीय ठेक्का लागेका कार्यक्रममा बजेटको निरन्तर तासहित अनुदान रकम वृद्धि हुनुपने , आयोजना सञ्चालनका लागि रुख कटान र जग्गा प्राप्तिमा सहजता हुनुपर्ने, विपद् व्यवस्थापनमा बजेट थपिनुपर्ने, जनशक्ति व्यवस्थापन, भन्सारमा हुने चोरी-निकासी नियन्त्रण गर्नुपर्ने, गण्डकीलाई पर्यटकको के न्द्रका रुपमा विकास गर्न निर्माणधीन सडक विस्तार छिटो सम्पन्न गर्नुपने , पूर्व-पश्चिम रेलमार्ग निर्माणका लागि मुअब्जा विवाद टुङ्ग्याउनुपर्ने, कार्यविस्तृतीकरण पुनः विचार गर्नुपने , प्रदेशमा पर्यटक र आम्दानी वृद्धिका लागि सहजीकरण गरिनुपर्ने लगायत सुझाव दिनुभएको थियो ।

नेपाल सरकारका मुख्यसचिव एकनारा यण अर्यालले मुख्यमन्त्रीले उठाएका समस्याका विषय सङ्घीय मन्त्रिपरि षद्को बैठक र नेपाल सरकारका सचिवको बैठकमा छलफलको विषय बनाइ सम्बोधन गरिने बताउनुभयो ।

संवादमा प्रधानमन्त्रीका मुख्य सल्ला हकार विष्णुप्रसाद रिमाल, आर्थिक सल्लाहकार डा. युवराज खतिवडा र उच्चपदाधिकारीको सहभागिता थियो

**सार्वजनिक खर्च, ..... .......**

संविधानको परिकल्पनाअनुसार तीनै तहका सरकारका बीचमा पर्याप्त समन्वय र सहकार्य हुन नसक्दा सामाजिक सुरक्षाका कार्यक्रम, कति पय अनुदानका कार्यक्रम र विकास आयोजनाहरू समेत दोहोरो पर्न गई खर्चको प्रभावकारिता एवम् स्रोतको समन्यायिक वितरणमा समेत नकारा त्मक असर पर्न गएको स्पष्ट पारि एको छ ।

विकास आयोजनामा आयोजना प्रमुखलगायत कर्मचारीको समयमा पदपूर्ति नहुने, छिटो छिटो सरूवा हुने, निर्माण सामग्रीको निर्बाध उपलब्धता नहुने र श्रमिक व्यवस्थापनसम्बन्धी कार्य समयमै हुन नसक्ने प्रवृत्ति कायमै रहनु पनि खर्च हुन नसक्नुको कारक बनेको अर्धवार्षिक समीक्षामा उल्लेख छ ।

कतिपय निकायको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि आव श्यक पर्ने कार्यविधि, निर्देशिका, माप दण्डलगायतका कानूनमा संशोधन वा नयाँ कानून तर्जुमा समयमै हुन नसके का कारण अर्धवार्षिक अवधिसम्म पनि खर्चको आधार नै तय नहुने अवस्था रहेको मन्त्रालयको ठहर छ ।

वैदेशिक स्रोतमा सञ्चालित आयो जनामा सरकारको तर्फबाट व्यहोरिने समपूरक कोषको रकम न्यून प्रस्ताव हुने गरेको र वैदेशिक सहायताबाट सञ्चालित कतिपय आयोजनामा विकास साझेदारले निर्धारण गरेको खरिद प्रक्रिया र लेखांकनसम्बन्धी व्यवस्था पालना नहुँदा तोकिएको शर्त पूरा नभई समयमै शोधभर्ना प्राप्त हुन नसकेको मन्त्रालयले जनाएको छ ।

कतिपय नयाँ आयोजना तथा कार्यक्रमका लागि अवण्डामा राखेको रकम समयमा बाँडफाँट हुन नसक्दा आयोजना कार्यान्वयनमा ढिलाइ हुने गरेको छ । राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयगत विकास समस्या समाधान समितिबाट पहिचान भएका समस्या समाधानका लागि प्रस्तावित सुझाव कार्यान्वयन हुन नसक्दा सोही समस्या दोहोरिएको समीक्षामा स्पष्ट पारिएको छ ।

**बजार मूल्य .... .... .....**

गर्नु परेको बताउनु भएको छ । हाल बजारमा प्रति आधा लिटरको एक सय रुपैयाँ, पाउडर दुधको चिया बनाएर प्रति कप ५० रुपैयामा विक्रि वितरण भैरहेकोमा यो मूल्यलाई सस्तो बना उनका लागि डेरी संचालन गरिएको बताउनु भयो ।

उहाँले डेरीबाट आधा लिटर दुधको ८० रुपैयाँमा बिक्री वितरण गर्नु भएको छ भने दुध चियाको प्रति गिलास ३० रुपैयाका दरले बिक्री वितरण सुरु गर्नु भएको छ । त्यसै गरी बेकरी आइटम तथा पाउरोटी लगायतका सामानहरुको पनि मूल्य घटाएको बताउनु भएको छ । यसले गर्दा अब बजारमा महंगी नियन्त्रण हुने बताइएको छ ।

**डोल्पामा ७७७ .... ... .....**

छ ।

उता स्नातक तहको परीक्षा डोल्पो क्याम्पस डोल्पामा चलिरहेको छ । परी क्षालाई मर्यादित र शान्त बनाउन भर मग्दुर प्रयास गरिएको परीक्षा केन्द्रले जनाएको छ । परीक्षालाई मर्यादित र शान्त बनाउदा परीक्षा कडा गरिएको आरोप खेपिरहेको डोल्पो क्याम्पस परी क्षा केन्द्रले परीक्षाका निरिक्षकहरुबाट नै परीक्षालाई शान्त र मर्यादित बनाउन सकिन्छ । यसले विद्यार्थीमा अध्ययन गने ' बानीको विकास हुने र शैक्षिक गुणस्तर मा सुधार हने देखिन्छ ।

**कर्मचारी युनियनको .....**

अधिबेशन प्रतिनिधिमा हिरालाल केसि, खिम बहादुर शाही, माधब शाहीलाई चयान गरिएको निजामती कर्मचरि युनियान डेल्पाले जानाएको छ ।

नेपाल निजामती कर्मचारी युनियन डोल्पाका अध्यक्ष दिर्घराज आर.सी.को अध्यक्षतामा भएको अधिवेशनको उद्घाटन सत्रमा प्रमुख अतिथिमा संविधानसभा सदस्य दुधकुमारी हमाल, विशेष अतिथि नेपाली काँग्रेस जिल्ला कार्यसमिति डोल्पाका कार्यवाहाक सभापति लवकुमार शाही, अतिथिहरुमा नेपाली काँग्रेस जिल्ला कार्यसमिति डोल्पाका सचिव हिक्मत बहादुर शाही लगायतको उपस्थिति रहेको थियो ।

**घटेर ठेक्का लिदै, ..... ....**

त्यसै गरी दुनैदेखि काइके गाउँप( ालिका को तारा बगरसम्मको मोटर बाटो निर्माणको काम लिएको श्रीया कम्पनीले पनि धेरै घटेर लिएको र हाल आएर काम अलपत्र पारेको दे खिएको छ । कामको जिम्मा लिएका लाई मुल ठेकेदारले पैसा नदिने गरे काले काम रोकिएको पाइएको प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले बताउनु भयो ।

त्यसै प्रकार ठेक्का घटेर लिने अनि पछि के निउ पाउँ र काम नगरौं भन्ने गरेर ठेकेदारले काम अलपत्र पार्ने गरे को काइके गाउँपालिकाका स्थानीयले बताउनु भयो । डोल्पाका विकास यो जनाहरु मात्रै होइन नेपालका धेरै विकास योजनाहरुमा ठेकेदारले धेरै घट्ने अनि काम ढिलो गर्ने, अधुरै छाड्ने गरेको देखिन्छ । यस प्रकारको समस्यालाई समाधान गर्न सम्बन्धित निकायले गम्भिर ध्यान दिएर यस्तो ढिला हुन दिनु नहुने स्थानीयहरुको भनाई छ ।

नेपाल सरकार तथा ठेक्का गर्ने सम्ब न्धित निकायले गर्ने लागत स्टमेट र योजनाको कामका बिचमा तालमे ल नमिलेर हो या के भएर हो ५० प्रतिशत, अझ बढि पनि घटेर ठेक्का बोल्ने गरेको देखिन्छ । यसमा लागत इस्टमेट गर्ने प्राविधिक वा के कमजोरी हो । यसरी घटेर लिंदा पनि फाइदा हुने भएर त होला यसरी घटेर ठेक्का बोल्ने, यसरी घटेर लिने काम नगर्ने ठे केदारलाई कडा कारवाही हुनुपर्छ ।

सवैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं

- शिक्षा प्रत्येक वालवालिकाको अधिकार हो यसलाई सुनिश्चित गरौं,
- सवै वालवालिकालाई विद्यालयमा पुर्याऔं,
- प्रौढ शिक्षा, अनौपचारिक शिक्षा मार्फत सवैलाई साक्षर वनाऔं,
- शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरौं,
- शिक्षामा लैङ्गिक समानता सुनिश्चित गरौं,
- प्राविधिक र व्यवसायिक शिक्षालाई जोड दिऔं,
- शिक्षामा सवैको सहभागिता सुनिश्चित गरी सभ्य समाजको निर्माण गरौं,
- साक्षरता कार्यक्रम सञ्चालन गरौं, साक्षर नेपाल निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# परीक्षा मर्यादित बन्नुपर्छ

परीक्षा भन्ने बित्तिकै हामी आत्तिने गर्दछौं । परीक्षामा त्यसरी आत्तिनु हुँदैन । कुनै पनि पढाई सकिएर आर्को तथा माथिल्लो शैक्षिक ओहोदामा जानका लागि लिइने शैक्षिक परीक्षणलाई परीक्षा भनिन्छ । परीक्षाका लागि आ आफ्नै मान्यता र रुची रहने गरेका छन् । आफू र आफ्ना आफन्तले परीक्षा दिदैछ भने पछि परीक्षाका बेला परीक्षामा चिट गर्न पाउनु पर्ने, परीक्षामा देखादेख गाइट गेस पेपर पल्टाएर मिले का प्रश्नहरुको उत्तर सार्न पाउनु पर्ने भन्ने मान्यता परीक्षार्थी र परी क्षार्थीका आफन्तहरुले राख्छन् । यो नै सबैभन्दा गलत धारणा हो । यति मात्र हो र ? परीक्षार्थीहरुले त उनीहरुका शिक्षकहरुले नै चिट चोराई दिनु पर्ने तथा उत्तर ल्याइदिएर लेखाइदिनु पर्ने बिचार राखेको देखिन्छ।

परीक्षा दिने आफ्ना कोही छैनन् भने यो समुदायका मानिसहरु परीक्षा प्रति यति घृणित शब्द बोल्छन् की छ्या छ्या यो पनि परीक्षा हो र गाइट गेस पेपर सारेको सुनिन्छ । भन्ने अनि आफू र आफ्ना आफन्तले परीक्षा दिने भए पछि विभिन्न तवरले परीक्षा संचालन गर्ने केन्द्राध्यक्ष समेतलाई विभिन्न तरहले प्रभावपार्न खोल्ने, सहयोग गरि दिनु होला भन्ने, विद्यालयले पनि परीक्षामा सिकाउन शिक्षक खटाउनु पर्ने, नखटाए बालबालिकाका अभिभावकहरुले गाली गर्ने प्रधानाध्यापक र शिक्षकहरुलाई गलत अर्थ लगाउने, विद्यालयमा पढाएनन्, पढाउन जानेनन् लगायतका अनर्गल आरोप लगाउने गर्छन् ।

त्यति मात्रै होइन, समाजले समेत आफ्ना छोराछोरी, नाता कुटुम्बहरु परीक्षा दिंदा सहयोग गर्नु पर्ने, आफ्ना कोही छैनन् भने परी क्षा अति नै स्वच्छ र मर्यादित हुनु पर्ने धारणा राखेको पाइन्छ । त्यस कारण खासमा शिक्षामा गुणस्तर कायम गर्ने हो भने, विद्यार्थीहरुले अध्ययन गर्ने वातावरण सिर्जना गर्नका लागि परीक्षा शान्त, मर्यादित हुनु आवश्यक हुन्छ । परीक्षाको मर्यादा उलंघन गर्न नदिन खटिएका निरिक्षकले चिट चोराउने होइन चिट लेख्न नदिने वातावरण बन्नु पर्छ, यो वातावरण अहिले डोल्पो क्याम्पस परीक्षा केन्द्र दुनै, डोल्पाले स्नातक तहको परीक्षा संचालन गर्दा अपनाएको छ । परीक्षार्थीहरुले मर्यादा उलंघन गर्न खोज्दा मर्यादा उलंघन गर्न नदिने वातावरण बनाउने गरेको छ । यो वातावरण सिर्जना गर्न खोज्दा कतिपयले परी क्षा कडा गराइयो भनेर परीक्षा टिमलाई नै दोषी बनाउन खोजिदै छ ।

अब यहाँका सुरक्षाका प्रमुख निकाय, अभिभावकहरु, यस जिल्लाका नेतृत्व, विद्यार्थीहरु सबैले भन्नु पर्छ परीक्षा प्रणाली सुधार गरेर परी क्षार्थी आफैले जानेको लेख्ने वातावरण सिर्जना गरिदिनु पर्छ । यसो गरे पछि यस पछिका परीक्षाका लागि मेहनतका साथ तयारी गरेर परीक्षा दिन्छन् । यसो हुने हो तथा यसरी विद्यार्थीहरुले मेहनतका साथ अध्ययन गरेर आर्जन गर्ने शिक्षा पनि राम्रो हुन्छ । अगाडिको शिक्षा आर्जन गर्नका लागि मात्रै होइन सरकारी जागिरका लागि लिइने लो क सेवा आयोग, शिक्षा सेवा आयोग लगायतका परीक्षामा पनि सहजै सफलता मिल्छ । त्यति बेला बल्ल परीक्षा मर्यादित भएकाले लिएका परीक्षाको फल राम्रो हुन्छ । जे भए पनि परीक्षाले मर्यादा कायम गर्दै, शिक्षामा राम्रो वातावरण बनाउनु पर्छ । सबैको जय होस् ।

## देश बचाऊँ

उमानाथ घिमिरे
गोरखापत्रबाट

भ्रष्टाचारी थिएनौँ यदि रतिभर ता हाँस्न सक्थे हिमाल ।
यौटा मात्रै थियो ता सफल दल यहाँ भाग्दथे तुच्छजाल ॥
हामी ठोकेर भन्थ्यौँ जति पनि रिपु छन् नाप्तछौं के लु नाप ।
तिम्रा हड्डीहरू छन् जति पनि चकनाचूर पार्छौं सखाप ॥

प्रेतात्मा काँध हाली जय जय यसरी भन्न सक्थे कहाँ यी ।
जम्मै हामी चुकी नैतिक बल नहुँदा जाग्न थाले हरामी ॥
हामी चुक्दैनथ्यौँ ता रिपु दलदलमा भासिई नष्ट हुन्थे ।
हामी भुक्दैनथ्यौँ ता रिपु वरिपरिका रन्थनाएर रुन्थे ॥

हाम्रा सारा खराबीसँग रिपु सब ती खेल्दछन् ढुक्क साथ ।
हुन्थ्यौँ ता स्वाभिमानी जय जय नगरी हान्दथ्यौँ भुक्क लात ॥
खोज्ने इद्दी अमीन् नै अब यस युगमा बन्छ रे देशभक्त ।
रे रे पट्मूर्ख, हिट्लर् अब पनि कसरी बन्दथ्यो रे सशक्त ॥

भन्दै लल्कार्नु पर्ने अब यिन दिनमा बस्दछौं चूपचाप ।
हेर्छौं वैरीहरूले दिन दिन सब यो राष्ट्र पार्दा सखाप ॥
ठूलो सङ्ख्या बुझ्रै पर वश बनियो हाय ! आश्चर्य यो छ ।
नेपाली अल्प सङ्ख्या अलि अलि बुझ्ने मात्र नेपाल भन्छ ॥

बाँकी जे छौं सबैको हृदय अब जुटोस् राष्ट्र आपत्तिमा छ ।
आमाको दीन वाणी अब सुनिरहने आततायी कहिन्छ ॥
ली यौटै क्रान्ति झन्डा उठ उठ सब लौ नत्र बाँच्तैन देश ।
आशा त्यान्द्रो बँचेको छ अलिकति अझै देशको भेष शेष ॥

## कलम, मसी र अक्षर

मणिकुमार श्रेष्ठ सिजन
रातोपाटीबाट

जहाँ कलमका बिन्दुहरूले
ठुला-ठुला शब्दमालाको रचना गरेका छन्
तिनै शब्दका लहरहरूबाटै
गुञ्जायस भइरहेछ परिवर्तनका आवाज
आज त्यही दिन हो ?
अक्षरबाट शब्द अनि शब्दबाट वाक्य बनाउन
अक्षर चिनाउने दिन ।

अक्षर केवल कखराको संयोग मात्र होइन
यो त समाज विज्ञानको खाँका कोर्ने
सुनौलो आयाम हो
जहाँ अक्षरहरूले बोलिरहेका छन्
पुस्ताहरू फेरिएलान्, समय बदलिएला
तर अक्षरको उज्यालो निभ्ने छैन
यो जुनकिरीको उज्यालो झैँ
अनकन्टार रातमा पनि चम्किरहनेछ ।

अक्षरका वेगमा निर्माण भएको शब्द
शब्दका पङ्क्तिहरू सजिएर
निर्माण भएको गर्भिलो वाक्यहरूले भन्दै छ
अक्षर चिन्नु सिकाइको पहिलो पाइला
आकाश छुने रहरको जग हो
त्यही जगमा उभिएको
ज्ञानबाट खारिएको धारले
इतिहास कोर्न सक्छ ?
अनि बदलिन्छ समाज, देश र दुनियाँ ।

अक्षरहरू केवल चिन्ह मात्र होइनन्
यो समयको प्रतिविम्ब हो
जसले पुस्तौ पुस्ताको इतिहास बोकेर
आफूलाई बेजोडको अक्षरमा चिनाइरहेछ
कलम समातेपछि हातले डर मान्दैन
केवल ज्ञानको आँधी सिर्जना हुन्छ
जहाँ कलम चल्छ, त्यहाँ संसार बदलिन्छ
शब्दहरू चिच्याएर भन्छन् ..........

खेलकुद

# भलिबल उपाधि पुलिस क्लवलाई

सुस्केरा समाचारदाता

रामपुर (पाल्पा), माघ - पाल्पामा भएको रामपुर महोत्सव कप क्लबस्तरीय भलिबलको उपाधि नेपाल पुलिस क्लबले जितेको छ ।

शनिबार भएको फाइनल खेलमा पुलिसले नेपाल एपिएफ क्लबलाई ३-० को सोझो सेटमा हराउँदै उपाधि जितेको हो । पुलिसले २५-२१, २५-१२, २५-२२ को जित निकालेको थियो । चौथो रामपुर महोत्सव तथा व्यापार मेलाको अवसरमा आयोजित प्रतियोगितामा नेपाल त्रिभुवन आर्मी क्लबले तेस्रो भयो ।

प्रतियोगिताको विजेता मध्ये प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने समुहले क्रमशः दुई लाख २२ हजार २२२ रुपियाँ, एक लाख ५५ हजार ५५५ रुपियाँ, एक लाख एक हजार १११ रुपियाँ र ५५ हजार ५५५ रुपियाँसहित ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गरेको छ ।

विजयी समूहलाई लुम्बिनी प्रदेश सभा सदस्य राजुप्रसाद श्रेष्ठ, रामपुर नगर प्रमुख रमणबहादुर थापा, अन्तराष्ट्रिय विपि चिन्तन प्रतिष्ठानका अध्यक्ष सन्दिप राना, रामपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालले पुरस्कार हस्तान्तरण गर्नुभएको थियो । प्रतियोगितामा विभागिय टिम त्रिभुवन आर्मी क्लब, नेपाल एपीएफ क्लब, नेपाल पुलिस क्लब, मणिमुकुन्द भलिबल क्लब र निस्दी भलिबल क्लबको सहभागीता रहेको थियो । प्रतियोगितामा विभागिय टिम त्रिभुवन आर्मी क्लब, नेपाल एपीएफ क्लब, ने

# ग्रामीण विकासका समस्या

- कृष्णमणि पराजुली

नेपालको अधिकांश भूभाग ग्रामीण क्षेत्रले ओगटेको छ । यो क्षेत्रको विकास नगरी समग्र देशको विकास भएको मान्न सकिदैन । समग्र देशको विकास गर्न योजनाबद्ध विकास प्रक्रिया अपनाइयो । देशमा प्रजातन्त्रको प्रादुर्भावपश्चात् विभिन्न राजनीतिक प्रणाली अपनाइयो र सोही अनुसार विकास गर्ने तौरतरिका कार्यान्वयनमा ल्याइए । अहिले हामी १६ औं पञ्चवर्षीय आवधिक योजनामा आइपुगेका छौं । यस अवधिमा धेरै साधनस्रोत खर्चिएको अवस्था पनि छ । यद्यपि ग्रामीण अर्थतन्त्रमा खासै सुधार आउन सकेको छैन ।

देशको ग्रामीण क्षेत्रले ठुलो भूभाग र जनसङ्ख्या समेटेको छ । यही क्षेत्रलाई विकासका आधार मानिएको भए पनि झनै खस्कँदै गएको भन्नुपर्ने अवस्था छ । दुर्गम ग्रामीण क्षेत्रमा अझै पनि शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, रोजगारी जस्ता आधारभूत कुरा पुऱ्याउन सकिएको छैन । पुऱ्याइएका संरचना पनि सञ्चालनमा ल्याउन सकिएका छैनन् । मानिसलाई चाहिने यिनै कुरा हुन् । यिनको अभाव हुँदा मानिस जहाँ सुविधा उपलब्ध हुन्छ, त्यहीँ बसोबास गर्छ ।

ग्रामीण क्षेत्रको विकासमा धेरै समस्या देखिन्छन् । हिमाल कालापत्थरमा परिवर्तन हुने क्रम बढ्दै गएकाले राष्ट्रियस्तरमा नै चिन्ता गर्न थालिएको छ । यही क्रमले बढ्दै जाने हो भने पर्वतारोहणबाट आउने रोयल्टी पनि न्यून हुँदै जाने छ । जलवायु परिवर्तनमा सुधार नहुने हो भने नेपाल दोहोरो समस्यामा पर्ने छ । एक त हिमाली क्षेत्रको अवस्था दयनीय हुँदै जाने भएकाले त्यसबाट बसाइँसराइमा वृद्धि, रोजगारीमा कमी जस्ता कुरा आउने नै हुन्छन् भने नेपालले नगरेको अपराधको पनि सजाय भोग्नुपर्ने भएको छ । त्यसकारण हिमाली भूभागको विकास गरेर ग्रामीण अर्थतन्त्र मजबुत बनाउँदै लैजानुपर्ने आजको आवश्यकता हो ।

ग्रामीण विकासको अहिलेको मुख्य समस्या भनेको बसाइँसराइ नै देखिन्छ । ग्रामीण क्षेत्रमा विकास पुग्न सकेको छैन । आधारभूत आवश्यकताको खोजीमा ठुलो जनसङ्ख्याले आफ्नो थातथलो छोड्दै गएको छ । ऊर्जाशील जनशक्ति रोजगारीका लागि विदेश पलायन तीव्र रूपमा बढ्दै छ । प्रत्येक दिन करिब तीन हजारका दरले देश छोड्नेको सङ्ख्या तथ्याङ्कले देखाएको छ । देशका लागि जुन जनशक्ति आवश्यक छ त्यही जनशक्ति पलायन भएपछि ग्रामीण विकासमा असर पने नै भयो ।

पलायन भएको जनशक्तिले पठाएको पैसाले घरपरिवार धानिएको छ । गाउँमा शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकताकै अभावले उनीहरूको परिवार सुविधायुक्त सहर बजारमा बस्ने क्रम पनि बढिरहेको छ । विदेशबाट पठाएको ठुलो रकम सहरबजारमा खर्च हुँदै गएको छ । यसकारणले गर्दा विदेशबाट पठाएको पैसा पनि ग्रामीण क्षेत्रमा प्रवाह हुन सकेको देखिँदैन । गाउँमा गएको केही पैसा पनि घर कुरेर बस्ने बुढा बाआमाको जीविकाका लागि खर्च हुन गएको छ र उत्पादनशील कार्यमा प्रवाह गर्न सकिएको छैन ।

गाउँमा केही विकास पुगेको भए पनि स्थानीयको आवश्यकता र चाहना अनुरूप भएको छैन । भएका विकासको पनि लाभ लिन सकिएको छैन । यातायात पुगे पनि त्यो यातायातले पिँधका जनतालाई छुन सकेको छैन । शिक्षा, स्वास्थ्यको व्यवस्था भए पनि भवन, कर्मचारी, .... (गोपबाट)

संस्कृति, कला, बाल संशार



लालि गुराँस ढकमक्क फुल्यो ।

# कृषि ऐन ल्याउने तयारीमा सरकार

सुस्केरा समाचारदाता

चितवन, माघ - कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले सबै किसानलाई समेट्ने गरी कृषि ऐन ल्याउने तयारी सरकारले गरेको बताएका छन् ।

प्रथम राष्ट्रिय डेरी एक्स्पो २०८१ को आज यहाँ उद्घाटन गर्दै उनले सरकारले किसानको हितका लागि पहिलो पटक कृषि ऐन ल्याउन लागेको जानकारी दिए । उनले भने, 'केही दिनभित्र ऐनलाई मन्त्रिपरिषद्बाट पारित गरेर संसद्मा लैजाने तयारी मन्त्रालयको छ ।'

उनले कृषकलाई ऐनमा समावेश गर्नुपर्ने सुझाव दिनसमेत आग्रह गरे । कृषि ऐन बनेसँगै किसानका समस्या समाधानका लागि सहज हुने उनको भनाइ छ ।

उनले भने, 'ऐन बनिसकेपछि नेपाली किसान पनि निर्यात गर्ने क्षमतामा पुग्ने छन् ।' पछिल्लो समय दुग्ध उत्पादनक किसानले भुक्तानी नपाएको विषयमा उनले भने, 'हामीले ज-जसलाई विश्वास गरेर जिम्मेवारी सुम्पियौं त्यही ठाउँबाट इमान्दारिताका साथ काम हुन नसक्दा समस्या भयो, दूधको पैसा भुक्तानी नभएकोमा लज्जित छु । किसानसँग रु ६५ मा उधारो किन्ने र रु एक सयमा बेचेर किसानलाई पैसा नदिने यो हुन सक्दैन ।'

कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी, कृषि तथा वन विज्ञान विश्वविद्यालयकी उपकुलपति शारदा थपलियालगायतले कृषि क्षेत्रले भोग्नुपरेका समस्या र समाधनमा राज्यको भूमिकाबारे बोलेका थिए ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ र चितवन उद्योग संघ चितवनको संयुक्त आयोजनामा

# सामान्य ज्ञान १८

१. ७७ जिल्लामै शाखा पु-याएको निजी क्षेत्रको पहिलो बैङ्क कुन हो ?

☐ ग्लोबल आईएमई बैङ्क लि.

२. नेपालको राष्ट्रिय प्रकृति संरक्षण कोषलाई प्रत्यक्ष पहुँच एकाइका रूपमा मान्यता दिने अन्तर्राष्ट्रिय संस्था कुन हो ?

☐ हरित जलवायु कोष (जिसिएफ)

३. नगरपालिकामा गठन हुने स्थानीय राजस्व परामर्श समितिको संयोजक को हुने व्यवस्था छ ?

☐ नगरपालिकाको उपप्रमुख

४. अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति कार्यान्वयन समितिको अध्यक्ष को हुने व्यवस्था छ ?

☐ अर्थमन्त्री

५. 'फल आर्मी वर्म' केसँग सम्बन्धित छ ?

☐ मकैबाली सखाप पार्ने किरा

६. पाठ्यक्रमको मूल्याङ्कन भन्नाले के बुझिन्छ ?

☐ उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ कौशल र मूल्याङ्कनको लेखाजोखा

७. महाकवि लक्ष्मीप्रसाद देवकोटा कुन प्रधानमन्त्रीका पालामा शिक्षामन्त्री भएका थिए ?

☐ डा. केआई सिंह

# प्रतिनिधिसभामा प्रधानमन्त्रीको सम्बोधन

- पूर्णपाठ

सम्बोधनको पूर्णपाठ

सम्माननीय सभामुख महोदय,

………. कारोबार गर्न र विदेशमा भएको आम्दनी नेपाल भित्र्याउन सक्ने वातावरण बनाइएको छ ।

☐ उपभोक्ता हित संरक्षण सम्बन्धी आपसमा बाझिएका कानुनमध्ये अप्रासांगिक कानुन खारेज गरिएको छ। प्रतिस्पर्धाको माध्ययमबाट वस्तुको मूल्य निर्धारण हुने व्यवस्था गरी एका तिर उद्यमी व्यवसायीलाई अनावश्यक तर्साउने अवस्था हटाइएको र अर्कातिर उपभोक्ता हित संरक्षणलाई अझै मजवुत वनाइएको छ ।

☐ उद्योग दर्ताका लागि निवेदन दिएको १५ दिन भित्र सरकारी अधिकारीले निर्णय दिनुपर्ने र यो अवधिमा निर्णय नदिए स्वतः उद्योग सञ्चालनको मान्यता दिने व्यवस्था गरिएको छ ।

☐ उद्यमीले कम्पनी खोल्न पाउने तर टाट फर्किंदा समेत बन्द गर्न अनावश्यक 'झन्झट'मा फस्नुपर्ने अवस्था सदाको लागि अन्त्य गरिएको छ ।

☐ सहकारी ठगी सम्बन्धी संसदीय समितिको प्रतिवेदनले औंल्याए अनुरुप बचतकर्ताको बचत सुरक्षा गर्न तत्काल आवश्यक राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने लगायतका तत्काल गर्नपर्ने कामका लागि विद्यमान सहकारी ऐनमा संशोधन गरिएको छ ।

☐ अध्यादेशबाट प्राप्त हुने उपलब्धिको सूचि लामो छ। यसका विशेषताका बारेमा व्यापक सामाजिक बहस भइसकेको छ। यसप्रति माननीयज्यूहरू जानकार नै हुनुहुन्छ ।

सभामुख महोदय,

संसद्को गएको अधिवेशनपछि आजका दिनमा आइपुग्दा २९ कानुन संशोधन गर्नेगरी अध्यादेश ल्याइयो। सरकारले अहिले नै किन अध्यादेश ल्याउनु पर्‍योरु यसबारे थोरै चर्चा गर्ने अनुमति चाहन्छु ।

हामीले लामै समयदेखि सार्वजनिक वृत्तमा सुन्दै आएका छौं- ढिलो भयो, अपेक्षा अनुरुप अवस्थामा परिवर्तन भएन। प्रश्न हामी सबैका माझ छन्:

☐ त्यही अवस्थामा परिवर्तन गर्न सार्वजनिक सेवाका क्षेत्रमा के के सुधार गर्नु पर्छ ।

☐ व्यावसायिक क्षेत्रको मनोबल बढाएर उत्पादनमा वृद्धि गर्न कहाँ कहाँ अवरोध छ ।

☐ जनताले कहाँ कहाँ कुन कुन कानुनको अल्झनले दुःख पाइरहेका छन्

ती 'अल्झन र गाँठा' तत्काल फुकाउन कानुनी सुधार नै पहिलो पाइला थियो। नियमित प्रक्रियाबाट एउटा कानुन पारित गरी लागू गर्न न्यूनतम ५रु६ महिना लाग्नेमा हामी सबै जानकार नै छौं ।

एकातिर प्रक्रिया- अर्कोतिर नतिजा ।

सुधारको जुन हुटहुटीले संसद्का दुई ठूला दलहरूको नेतृत्वमा यो सरकार निर्माण भयो, त्यसले 'संसद्को अधिवेशन आउँदै छ, पर्खनुस्' भन्ने समय हामीसँग थिएन । संसद् नभएको बेला, संसद्को नियमित प्रक्रियाबाट राष्ट्रिय अपेक्षा प्राप्तिमा ढिला हुने अवस्था, यस्तै बेलामा त हो सरकारले अध्यादेश जारी गर्ने ।

हामी सबैले एउटा कुरा स्वीकार गर्न अप्ठेरो मान्नु हुँदैन, कतिपय समयमा 'राजनीतिक लाभ-हानी'को लेखाजोखा गरी संसद्लाई प्रक्रियाको बन्दी बनाइन्छ र जनताका दैनन्दिनका समस्या ओझेल पर्छन् । हामीले यस पटक त्यसो हुन नदिउँ भन्ने ठान्यौं । अध्यादेशको सन्दर्भमा धेरै माननीयहरूले ' कन्टेन्ट होइन, प्रोसेस'मा प्रश्न गर्नु भएको मैले सुनेको छु। केही साथीहरूले सोध्नु भएको छ- संसद्लाई छलेर किन अध्यादेश ल्याएको, त्यस्तो प्रश्न सोध्ने साथीहरूलाई पनि थाहा छ, अध्यादेश ल्याउने भनेको संसद् नचलेकै बेलामा हो । संविधानले नै संसद् नचलेका बेला मात्रै अध्यादेश ल्याउने व्यवस्था गरेको छ, हैन र ?

सम्माननीय सभामुखज्यू,

हामी संसद्मा पो पक्ष र प्रतिपक्ष हौं त । देश विकास, सुशासन र नागरिकको जीवनस्तर उकास्ने कुरामा पनि पक्ष विपक्ष हुन्छ र ?

बैंकमा लगानी योग्य पैसा छ, तर कोही व्यवासायी ऋण लिएर किन लगानी गरिरहेको छैनन्, विदेशवाट रेर्कड ब्रेक रेमिट्यान्स भित्रिंदा पनि किन वजारमा मागमा कमी आइरहेको छ ? घरजग्गा व्यवसाय किन सुस्तायो ?

यो अवस्थालाई सरकारले सावधानीपूवर्क नियालिरहेको थियो ।

यो 'अवस्था परिवर्तन' गर्न हामीले कम्मर कस्यौं- निजी क्षेत्रको मनोबल उकास्न, देशमा लगानी र व्यवासायिक वातावरण वनाउन, सुशासन र नागरिकको जीवनमा प्रभाव पार्ने वर्षौंदेखि गर्न नसकिएको कानुन सुधारको काम यसपटक अध्यादेश मार्फत एकै पटक फत्ते गर्‍यौं। यसप्रति म थोरै पनि नहिच्किचाई भन्न चाहन्छु- यो जनताको सरकारले जनताका लागि गरेको काम हो। एउटा कुरा विनम्रताका साथ राख्न चाहन्छु, अध्यादेशको होस् वा विधेयकको विषय-वस्तु, त्यसमाथि हुने हाम्रा बहसलाई इस्यु आधारित बनाऔं, गुण-दोषका आधारमा हुने-नहुने तिर केन्द्रित गरौं, सार्वजनिक खपतको प्रचारबाजीमा सीमित नराखौं ।

अब अध्यादेश संसद्को सम्पत्ति भएको छ । आजका मितिबाट हामीसँग ६० दिन छ, यसलाई अस्वीकार गने ' वा जस्ताको तस्तै पारित गर्ने। याभनौं त्यसमाथि पनि थपघट गर्नेगरी प्रतिस्थापन विधेयक पारित गर्ने- के गर्ने, यो सम्मानित सदनको जिम्मा भयो ।

सभामुख महोदय,

मैले बताइरहनु पर्दैन, हामीले सरकारको जिम्मा लिइरहँदा देशको स्थिति जर्जर थियो। मैले त्यतिबेला यही संसद्को रोष्ट्रममा उभिएर भनेको पनि थिएँ- २०४६ सालपछिको पुस्ताले यति चरम निराशा सायद पहिलो पटक अनुभव गर्‍यो। देशप्रति आम जनताको भरोसा टुटेको थियो। तिनको मनोबल नराम्ररी गिरेको थियो। विकास निर्माणका काम चौपट थिए । अर्थतन्त्र अत्यन्तै सकसपूर्ण अवस्थामा थियो ।

त्यो विकाराल अवस्थाबाट मुलुकलाई जोगाउन हामी दुई ठूला दल नेपाली काँग्रेस र नेकपा (एमाले)को अगुवाइमा अन्य दलहरू सम्मिलित यो सरकारको निर्माण भयो ।

मेरो नेतृत्वमा सरकार बनेको ६ महिना नाघ्यो ।

मैले नयाँ प्रधानमन्त्रीको रूपमा शपथ लिए लगत्तै एकपछि अर्को दुर्घटना र प्राकृतिक विपत्तिले हामीलाई बिथोल्यो। गएको असोज १० देखि १३ गते अकल्पनीय बाढी पहिरोको चपेटामा मुलुक पर्‍यो। जसका कारण देशभर ७ हजार १३५ वटा विभिन्न प्रकारका विपद्जन्य दुर्घटनाहरू भए। प्राकृतिक विपत्तिले जनधनको ठूलो क्षति गर्‍यो। कृषिबाली, पशुचौपाया एवम् सडक, पुल, खानेपानी, सञ्चार, विद्यालय, विद्युत लगायतका भौतिक संरचनामा ठूलो नोक्सानी पुग्यो। तर, सरकारले ती चुनौतीपूर्ण परिस्थितिहरूलाई कुशलतापूर्वक सम्हाल्यो। परिणामस्वरूप त्यत्रो क्षतिका वावजुद पनि यस वर्ष दशैंको अवसरमा काठमाडौं छोडेर दशैंमा घर फर्कनेको संख्या अघिल्लो वर्षजस्तै करिब ८ लाख पुग्यो ।

मलाई लाग्छ, यो अवधिमा सरकारको काम गर्ने तरिकाले देशमा व्याप्त गहिरो निराशालाई चिर्न, जनतामा आशा र उत्साह सञ्चार गर्न, अनि देशलाई तीव्र आर्थिक वृद्धिको दिशामा लैजान हामी धेरै हदसम्म सफल भएका छौं। यद्यपि हामीले गर्न बाँकी काम धेरै छन् ।

सभामुख महोदय,

आँकडामा बोल्नु पर्दा हामी सरकारमा आउनुअघि र पछिका अर्थतन्त्रका केही परिसूचकको तुलनात्मक जानकारी राख्ने अनुमति चाहन्छु:

☐ चालु आर्थिक वर्षको ६ महिनाको पूँजीगत खर्च १५ प्रतिशतले बृद्धि भएको छ । गएको आर्थिक वर्षको तुलनामा राजश्व संकलन १३ प्रतिशतले बढी छ ।

☐ नेपाल सरकारको कुल खर्च गत वर्षको यसै अवधिको तुलनामा १७.८ प्रतिशतले वृद्धि भएको छ। गतवर्ष यही अवधिमा अघिल्लो वर्षको तुलनामा यस्तो वृद्धिदर १७ प्रतिशत मात्र थियो।

☐ चालु आर्थिक वर्षको तुलनामा ७.१ प्रतिशतले आयात वृद्धि भएको छ।

☐ चालु आर्थिक वर्षको ६ महिनामा वस्तु निर्यात ३१.८ प्रतिशतले बढेको छ। गएको वर्ष यसै अवधिमा ७.१ प्रतिशत मात्र बृद्धि थियो ।

☐ चालु आर्थिक वर्षको ६ महिनाामा गएको वर्ष भन्दा करिब ३५ अर्व रुपैया कर्जा बढी प्रवाह भएको छ ।

☐ चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा नेप्से परिसूचक २५९४ रहेको छ । गत वर्षको यसै अवधिमा २१२० रहेको थियो ।

☐ चालु आर्थिक वर्षको ५ महिनामा शोधनान्तर स्थिति वचत २ खर्व, २५ अर्व, ३४ करोड रहेको छ । गत वर्षको यसै अवधिमा २ खर्व, १६ अर्व, ५ करोड रहेको थियो ।

☐ चालु आर्थिक वर्षको ५ महिनामा विदेशी विनिमय सञ्चिति १६ अर्व, ७६ करोड अमेरिकी डलर रहेको छ। गत वर्षको यसै अवधिमा १३ अर्व ३१ करोड अमेरिकी डलर रहेको थियो।

☐ अघिल्लो वर्षको तुलनामा ५ महिनाको कर्जा बृद्धि ४६ अर्वले बढी छ ।

सभामुख महोदय,

६ महिना अघिजस्तो अहिले अर्थतन्त्रमा भयावह स्थिति छैन । अर्थतन्त्रका परिसूचककहरू राम्रा छन् । पहिलेका 'नराम्रा' परिसूचककहरू सुधारोन्मुख छन्। अर्थतन्त्रलाई कसरी चलायमान बनाउन सकिन्छ र माग वढाउन सकिन्छ भनेर सरकार लागिपरेको छ। अर्थतन्त्रमा नगद प्रवाह गर्न सरकार बन्ने वित्तिकै लामो समयदेखि भुक्तानी नदिने सरकारी रवैयालाई परिवर्तन गर्‍यौं। निर्माण व्यवसायीको कानुनसम्मत रुपमा सिर्जना भएको, तर भुक्तानी नभएको विगत आर्थिक वर्षदेखिको ३० अर्व रुपैयाँको दायित्व फरफारक गरेका छौं ।

धेरै समयदेखि ३५ जिल्लाका १५ लाख भन्दा बढी दुग्ध किसानलाई सरकार बनेको एक सय दिनभित्रै भुक्तानी दिएका छौं । त्यसैगरी, करिब ७५ हजार उखु किसानहरू, जसले वर्षौंदेखि आफ्नो पसिनाको मूल्य पाउन सकेका थिएनन्, उनीहरूले पनि आफ्नो अनुदान वापतको भुक्तानी पाइसकेका छन्। कृषिबाली तथा पशुधन बीमामा समावेश भएका हजारौं कृषकहरूको बीमा वापतको भुक्तानी गर्न ८० करोड रुपैयाँ बीमा प्राधिकरणको खातामा पठाइएको छ ।

अर्थतन्त्रलाई लयमा ल्याउन सरकारले जे जे गर्न सकिन्छ, ती सबै उपायहरू अबलम्बन गरेको छ। निजी क्षेत्रकै माग बमोजिम अर्थतन्त्र सुदृढीकरणका लागि आर्थिक सुझाव आयोगजस्ता महत्वपूर्ण आयोगहरूको गठन गरिएको छ। तिनले दिएका सुझावहरू कार्यान्वयन गर्ने चरणमा सरकार पुगे

……. .. .पेज नं. ४ मा

# प्रजातन्त्र खोजीमा जसले दिए बलिदानी

- रतन भण्डारी(गोपबाट)

........ रङ्गनाथ शर्मा र उमेशविक्रम शाहलाई पक्राउ गरे । भीमशमशेरले मृत्युदण्ड खारेज गरेकाले सबैले आजीवन कारावासको सजाय पाए । उमेशविक्रम शाह पाल्पा जेल चलान गरिए । खण्डमानसिंह बस्नेत, मैनाबहादुर खत्री, खड्गमानसिंह बस्नेत र रङ्गनाथ शर्मालाई कठोर यातनासहित गोलघरमा राखियो । १२ वर्षको कठोर यातनासहित जेल बस्दा किशोरविक्रम शाह बिरामी परे । जुद्धशमशेरले रिहा गरेपछि घर पुगेको केही दिनमै किशोरविक्रमले मृत्युवरण गरे (सहिद, पृ. ३४) ।

डिल्लीबजार, काठमाडौँमा जन्मेका फौदसिंह खत्रीका छोरा मैनाबहादुरको खास नाम युद्धबहादुर थियो । उनीसँगै जेल परेका तीन जना दुई वर्ष चार महिनाको अन्तरालमा जेलमुक्त भए । धन खर्चेको, चाकडीमा खटिएको र माथिबाट बिन्ती पुगेकाले रङ्गनाथ शर्मा १९९० मङ्सिरमा छुटे र देश निकाला भए । खण्डमान, मैनाबहादुर र खड्गमानलाई नेल गलफन्दी र गोडामा गोला ठोकेर जेलमै राखियो । ५३ वर्षका खण्डमानसिंह रगत सुकेर सेतै भए । मैनाबहादुरलाई क्षयरोगले छोयो । अन्ततः खण्डमानले १९९२ चैत २३ गते जेलमै प्राण त्यागे (सिंह, खड्गमान- सहिद मैना दाइ, पृ. १७) । मैनाबहादुरका सवालमा खड्गमानले लेखेका छन्– त्यसताका राजबन्दीलाई डाक्टरी सेवा दिइन्नथ्यो । आमाले छोरा लाई बाहिर लगी उपचार गर्न पाऊँ भनी बिन्ती चढाउँदा पनि छोडेन । तीन वर्षसम्म रोगग्रस्त भएर र गत छाद्दै मातृभूमिको बलिवेदीमा प्राण अर्पण गरेर मैना दाइ १९९५ भदौ ५ गते सहिद भए (सिहं, पूर्ववत्, पृ. १९) । प्रचण्ड गोर्खाकाण्डमा जीवित खड्गमानसिंह बस्नेत २००७ सालपछि रिहा भए ।

प्रजापरिषद् गठन

प्रचण्ड गोर्खामाथिको दमनले राणाविरोधी जनआक्रोश झनै सतहमा आयो । टङ्कप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, रामहरि शर्मा र जीवराज शर्माको अगुवाइमा १९९३ जेठ २० गते झोँछे, ओमबहालस्थित धर्मभक्त माथेमाकी फुपूको घरमा 'नेपाल प्रजापरिषद्' गठन भयो । पछि गङ्गालाल श्रेष्ठ, गणेशमान सिंह, बलबहादुर पाँडे, हरिकृष्ण श्रेष्ठ प्रजापरिषद्को सदस्य बने । प्रजापरिषद्का सदस्यले भूमिगत रूपमा आफ्ना गतिविधि सञ्चालनमा ल्याए । गतिविधि गोप्य भएकाले सबैको उपनाम राखियो । दशरथ चन्दको नाम 'सेवा सिंह' र 'सुशील' राखियो । टङ्कप्रसादको 'प्रकाश' र धर्मभक्तको 'अजवबहादुर' उपनाम थियो । रामहरि शर्माको 'हरेराम' र जीवराज शर्माको 'वसन्त' थियो । राजा त्रिभुवनलाई 'मुखिया' र राणा प्रधानमन्त्रीलाई 'जमदार' कोड नाम दिइयो ।

विसं १९९७ मा प्रजापरिषद्ले काठमाडौँमा राणाविरोधी पर्चा छर्‍यो । राणाहरूले त्यस कार्यविरुद्ध कठोर कदम चाले । १९९७ कात्तिक २ गते धर्मभक्त, गङ्गालाल, दशरथ चन्द, गणेशमान सिंह, जीवराज शर्मा, रामहरि शर्मा, बलबहादुर पाण्डे, चन्द्रमान सैँजूसहित सयौँ व्यक्ति पक्राउ परे । पद्मशमशेर, मोहनशमशेर, बबर शमशेर, बहादुरशमशेर, आनन्दशमशेर, हेमराज पाण्डेबाट उनीहरूको आरोपउपर सुनुवाइ भयो । प्रजापरिषद्का सदस्य नरहेका शुक्रराज शास्त्रीलाई समेत त्यस प्रकरणमा मुछियो । शुक्रराज, धर्मभक्त, दशरथ, गङ्गालाल र पूर्णनारायण प्रधानलाई ज्यान सजाय सुनाइयो । पूर्णनारायणको सजाय पछि संशोधन गरी १८ वर्ष कैदमा परिणत भयो । ब्राह्मण भएका कारण प्रजापरिषद्का अध्यक्ष टङ्कप्रसाद आचार्य, रामहरि शर्मा, जीवराज शर्मा, पुष्करनाथ उप्रेतीलगायतले ज्यान सजाय पाएनन् । उनीहरूलाई चारपाटा मुडी, दामलसहित जात पतन गरियो ।

राणाकालीन सहिद

प्रजापरिषद्मा आबद्ध युवा थिए, बलबहादुर पाण्डे । १९९७ सालमा राणाशासनविरुद्ध छरिएको पहिलो पर्चा पाण्डेकै घरमा रहेको मेसिनमा छापिएको थियो । सोही अभियोगमा जुद्धशमशेरले बलबहादुर पाण्डेलाई पर्चा छाप्ने मेसिनसहित कैद गरे । जेलमा उनलाई चरम यातना दिइयो । शरीरभरि घाउ भई किरा परे । छोराको शरीरमा किरा परेको सुन्दा उनकी आमाले रिहाइका लागि गरेको बिन्तीको सुनुवाइ भएन । १९९९ साल चैत २२ गते जेलभित्रै पाण्डेको निधन भयो ।

बाहुन युवा गोपी शर्माको च्यामिनी युवतीसँग प्रेमविवाह भएको थियो । सोही अपराधमा राणाद्वारा उनको जात च्युत गरी छ वर्ष जेल तोकियो । जात पतन गरी उनलाई च्यामे बनाइयो । जेलमा शौचालय सफा गथे गोपी । प्रजापरिषद्का बन्दीहरूलाई भगाउन गोपीले जेलभित्र सुरुङ खनेको अभियोगमा चरम यातना दिइयो । सोही यातनाका कारण १९९९ सालमा उनको मृत्यु भयो । राणाहरूको स्वीकृतिबिना १९९३ सालमा 'महावीर इन्स्टिच्युट' पब्लिक स्कुल खोलेको अभियोगमा चिनियाँलाल सिंह पक्राउ परे । त्यसपछि उनलाई आजीवन कारावासको सजाय तोकियो । जेलमा उनले कठोर यातना भोगे । जेलमै उनलाई टाइफाइड भयो । उपचारका लागि कुनै कदम चालिएन । अन्ततः टाइफाइडले छोएको १८ औं दिनमा २००१ असार २६ गते जेलबाट जमानीमा घर पुर्‍याइएको चार घण्टामै उनको मृत्यु भयो । सिन्धुली दुम्जाका कृष्णप्रसाद कोइराला राणाकालमा भन्सार ठेक्का चलाइरहेका थिए । त्यही बेला चन्द्रगन्जबाट १९७६ सालमा एक जना भरियाको फाटेको लुगा किनेर पार्सल गरी प्रधानमन्त्री चन्द्रशमशेरलाई पठाए । आफ्नो अपमान गरेको ठानेर चन्द्रशमशेरले कृष्णप्रसादलाई पक्रन उर्दी जारी गरे । बडाहाकिम कर्नेल जितबहादुरले सो कुराको सुइँको कृष्णप्रसादलाई दिएपछि उनी भारततिर भासिए । त्यसपछि कोइराला सपरिवार प्रवासमा रहे । भीमशमशेर प्रधानमन्त्री बनेपछि कोइराला १९८६ सालमा स्वदेश फर्के । कोइराला पुनः १९९९ मा राजकाज मुद्दामा पक्राउ परे । उनलाई काठमाडौँ जेल चलान गरियो । बन्दी अवस्थामै २००१ साल माघमा कोइरालाको निधन भयो (सहिद, पृ. ३६) ।

चक्रपाणि चालिसेका छोरा लक्ष्मीनन्दन १९९७ मा त्रिचन्द्र कलेजमा विद्यार्थी थिए । उनी राणाहरूलाई नपुंशक लेखेको अभियोगमा जेल परे । एक थरी भनाइमा बिएको परीक्षाको उत्तरपुस्तिकामा 'नपुंशक राणा' लेख्दा उनी जेल परेका थिए । अको भनाइ अनुसार लक्ष्मीनन्दनले कलेजमा निबन्ध प्रतियोगितामा गोलाप्रथा हुँदा उनको भागमा 'हाम्रो कर्तव्य' शीर्षक परेको थियो । सोही शीर्षकमा उनले नेपाल पछि पर्नुको कारण 'नपुंशक रा णाहरू' रहेकाले तिनलाई पतन गरा उनु नै 'हाम्रो कर्तव्य' भन्ने लेखेकाले बालकृष्ण समले सो कुरा पद्मशमशेरलाई जाहेर गर्दा उनले सो कुरा स्विकारेपछि जेल परेका थिए ।


## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले
- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले
- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा



## सूचना । सूचना ॥ सूचना ॥।

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका घट्नाहरु, घटना घटेको ३५ दिन भित्र यस पालिकाका नागरिकहरुले आफ्नो वडा कार्यालयमा दर्ता गरौं, गराऔं ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा



## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

# प्रतिनिधिसभामा प्रधानमन्त्रीको ...........

को छ ।

अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मुल्याङ्कन (क्रेडिट रेटिङ) को कार्य सम्पन्न भएको छ। नेपालले पाएको रेटिङ, डबल बी माइनस, दक्षिण एसियामा भारत पछिकै उच्च हो। विदेशी मुद्रा सञ्चिति उच्च हुनु, आर्थिक वृद्धिमा सुधार हुँदै जानु र देशले राजनीतिक स्थिरता पाउनुले यो उपलब्धि हासिल गर्न सकिएको हो ।

वस्तु, सेवा र प्रक्रियाको गुणस्तरलाई सुनिश्चित गर्न, मापदण्डको आवश्यकतालाई ध्यानमा राख्दै नेपाल एक्रिडिटेसन सेन्टर सञ्चालनमा ल्याइएको छ। यसले मुलुकभरका विभिन्न क्षेत्रका गुणस्तर निर्धारण गर्ने संस्थाहरूको कार्यक्षमता, पारदर्शिता र प्रमाणिकताको मापन गर्ने जिम्मेवारी बहन गर्दैछ ।

विकास र सुशासनलाई सँगसँगै लैजान र जनतामा भरोसा जगाउन यो सरकारले प्राथमिकता तोकेर काम गरिरहेको छ ।

सभामुख महोदय,

दर्जनौ उद्योगी व्यवसायीको कुरा सुन्दा, मलाई के लाग्छ भने सरकारले उनीहरूलाई खासै केही दिनै पर्दैन। आफ्नो व्यवसाय बढाउनका लागि चाहिने सबै 'बल' तिनले आफैं जुटाउन सक्छन्। सरकारले उनीहरूको मनोबल मात्र बढाइदिने हो। हामी सरकारमा आउनुअघि उद्योगी व्यवसायीको मनोबल असाध्यै नराम्ररी गिरेको थियो। उनीहरूको मनोविज्ञान बुझेर मैले यही सम्मानित सदनमा भनेको थिएँ- आर्थिक मेरुदण्ड मानिने उद्योगी व्यवसायीहरू अहिले मरीच झैं चाउरिएका छन् ।

आज उद्यमीहरू शिथिल औद्योगिक क्षेत्रमा धुकधुकी पलाएको प्रतिक्रिया दिइरहेका छन् ।

यस सन्दर्भमा अध्यादेश जारी भएपछि सरकारलाई धन्यवाद दिन बालुवाटारमा आएका व्यावसायीहरूले दिएका प्रतिक्रिया स्मरण गर्न चाहन्छु। निजी क्षेत्रको व्यावसायी संगठनका नेता हरूले भन्नु भयो, सरकारले गरेको सुधार सपना जस्तो लाग्यो। त्यहीं आयोजित अर्को कार्यक्रम, आइटी मीटअपका एक सहभागीले भने, 'सरकारले आफ्नो काम गऱ्यो, अब म मेरो काम गरेर देखाउँछु । ५ हजार जनालाई रोजगारी दिने मेरो सपना पूरा हुने भयो। धन्यवाद सरकार ।'

यी प्रतिनिधिमूलक प्रतिक्रियाले हाम्रो निजी क्षेत्रको मनोबलको संकेत गर्छन्। निजी क्षेत्रको मनोबल उकास्नको लागि हामीले दुईवटा काम गऱ्यौं ।

पहिलो-

'सरकार स्टन्टबाज भयो' र 'सरकारले थुन्ने अनि सुन्ने काम गऱ्यो' भन्ने टिप्पणी भइरहेका सुनिन्थे। उतिखेर सरकार, सुशासनका काम नीतिगत र संरचनागत तवरबाट होइन, क्यामेराका अगाडि मन्त्री र अधिकारीले गर्ने 'एक्सन र कट' प्रदर्शनबाट गरिरहेको देखिन्थ्यो। पर्दामा एउटा मञ्चन, नेपथ्यमा अर्कै तारतम्य मिलाइएको हुन्थ्यो। सरकारले 'भ्रष्टाचार विरोधी एक्सन' मञ्चमा गरिरहने, भित्रभित्रै तारतम्य मिलाएर डरलाग्दा अनियमितता हुर्किरहने प्रवृत्ति अहिले छैन ।

दोस्रो-

उद्योगी व्यवसायीको हातखुट्टा फैलाउन अवरोधका रुपमा रहेका कतिपय नीतिगत व्यवस्थामा उनीहरूको अपेक्षा भन्दा अघि बढेर सरकारले कानुनमा सुधार गरेको छ ।

सभामुख महोदय,

कतिपय साथीहरूबाट मैले 'बच्चाको जस्तो स्वभाव' भन्ने टिप्पणी पनि सुन्ने गरेको छु। वच्चा होस् वा पाका, कसैलाई पनि डर देखाउनु हुँदैन भन्ने म ठान्छु। आफैं डराउनेलाई दिन मिल्ने जवाफ चाहिँ मसँग छैन। बरु तिनीहरू आफ्नै कर्मको भयपासमा पो परेका हुन् कि भन्ने लाग्छ ।

आज यत्ति चाहिँ भन्छु, पार्टी टुक्र्याउने, भत्काउनेजस्ता खुद्रे कुराहरू यो सरकारको मेन्युमा छैन। ढुक्क हुनुस् काँग्रेस एमाले सहितको यति बलियो सरकारको प्राथमकिता त्यस्तो हुन सक्दैन ।

विपक्षमा रहेका साथीहरूले एउटा कुरामा आफ्नो समय व्यर्थै खेर फालेजस्तो लागिरहेको छ, 'सरकार ढल्छ। ढल्नै लाग्यो। पुस मसान्त, माघे संक्रान्ति काट्दैन।' आदि इत्यादि ।

'ढलें-ढलें, ढलें-ढलें म त'' यो 'गीत' अति नै गाइयो। यो 'गीत' मनोरञ्जन पार्टी र उत्सवहरूमा सुहाउला, राजनीतिमा सुहाउँदैन। अझ एकजना माननीयले कतै यस गीतलाई श्लील भएन समेत भन्नु भएको सुनेको छु। यस्तो गायन मनोरञ्जनका मञ्चमा गाउनु राम्रो हुन्छ, राजनीतिका मञ्चमा गाउन बन्द गरौं ।

सरकार बनाउने र हटाउने थलो यही सम्मानित सदन हो, अन्त कतै होइन। दिनरातै यस्ता हल्ला गरेर आगामी तीन वर्ष बिताउनु जनताका लागि के फाइदा देशका लागि के फाइदा, बरु दैलेखमा उत्खनन् सफल भएको इन्धनको कुरा गर्नुस्, नागढुङ्गाको सुरुङमा कहिले यातायात चल्छ भन्ने प्रश्न गर्नुस्, भर्खरै ब्रेक थ्रु भएको किमाथांका-जोगवनी सडकले चीन र भारत जोडिंदा के फाइदा हुन्छ, त्यसको कुरा गर्नुस्। सरकारको म्युजिकल चेयर गेम भन्दा त जनताको जीवनमा त्यसले पो अर्थ राख्ला कि ।

सम्माननीय सभामुख महोदय,

आज म अलिकति संसद्भित्र कानुन निर्माणको कुरामा प्रवेश गर्न चाहन्छु। यस सम्मानित सदनमा हामी सबैले आफैंलाई एकपटक सोध्नुपर्ने एउटा प्रश्न हो के हामीले संसद्मा कानुन निर्माणको सवालमा आफ्नो दायित्व पूरा गरिरहेका छौं त, एउटै कानुन बनाउन हामी किन आधा दशकसम्म लगाइरहेका छौं, यस मामिलामा अब हामी गम्भीर बन्नै पर्छ ।

आवश्यक भएकैले सरकारले विधेयक ल्याउँछ । त्यसको हतारो यस सम्मानित सदनले नै महसुस नगने ' हो भने सुशासन कहाँबाट आउँछ, जसरी जारी भएको अध्यादेश संसद् शुरु भएको मितिबाट ६० दिनभित्र कानुनको रुपमा प्रतिस्थापन गर्ने वा अस्वीकार गर्नै पर्छ, त्यसैगरी म विनम्र आग्रह गर्न चाहन्छु- अबदेखि विधेयकलाई पनि ६० दिनभित्रै छिनोफानो गरौं । छलफललाई असाध्यै समय पुगेन भने बढीमा पटक पटक गरी ३० दिनको समय ननघाऔं। हतारो भएरै ल्याइएको विधेयक ३/३ महिना भित्र पनि पारित हुन सकेन भने त्यसले मुलुकलाई न्याय गर्दैन- यसप्रति गम्भीर बनौं। छलफल गरौं, वहस गरौं, नमिलेको कुरा हटाउँ, केरौं-फेरौं, जे गरौं, तर अब ६० दिन भित्रै कानुन वनाऔं ।

मैले आज यस सदनमा विनम्रतापूर्वक आफ्नो कुरा राख्नै पर्छ, सरकारले ल्याएको विधेयकलाई ९० दिन वित्दा पनि संसद्ले पारित गरेन भने सरकारले वैकल्पिक व्यवस्था गर्छ। सरकारले समयमै काम नगर्दा मुलुकलाई कुन हदसम्मको क्षति हुन्छ भन्ने कुरा हामीले मनी लाउण्डरिङको मुद्दामा देखी/भोगीसकेका छौं। अघिल्ला सरकारको समयमा भएको वेवास्ता र लापरवाहीको परिणाम अहिले मुलुकले भोग्नु पर्ने भएको छ- हाम्रो देश ग्रे लिस्टमा पर्ने खतरा छ ।

सभामुख महोदय,

अर्बौं अर्बका ठेक्का लागेका वा लाग्नु पर्ने परियोजना र लाख या केही करोडमा सकिने विकास निर्माणका कामका लागि एउटै कानुनी व्यवस्था राखेर हामीले चाहे अनुसारको विकासको काम गर्न सकिदैन। यसको लागि सरकारले खास परियोजना लक्षित कानुन बनाउँछ। त्यसको विधेयक सरकारले सदनमा ल्याउँछ। एकदमै अर्जेन्सीका साथ यस सम्मानित सदनले काम गरिदिनुपर्छ। ढुक्क हुनुस्, सदनलाई सरकारले विजनेस दिन्छ, कानुन सदनले बनाउने हो, बनाइयोस्। त्यो कानुनको प्रयोग गरेर सरकारले काम गर्छ, काम गरेन भने प्रश्न उठाइयोस् ।

यस मामिलामा मैले आज दुईवटा कुरा नभनी भएको छैन। कानुन र संविधानमा नमिलेका ठाउँमा हेर्ने हाम्रो निकाय न्यायालय नै हो। व्यवस्थापिकाले कानुन वनाउने, कार्यपालिकाले कार्यान्वयन गर्ने, न्यायपालिकाले कानुनको पालना भयोरभएन हेर्ने। यसभन्दा तलमाथि गर्न कसैले मिल्दैन, सक्दैन। 'सेपरेसन अफ पावर' भनेको 'कम्प्लिमेन्ट अफ पावर' हो, 'कम्पिटिशन इन एक्सरसाइज अफ पावर' होइन। मलाई लाग्छ, देश विकासको मामिलामा सबै निकायको 'को-अपरेसन अफ पावर' पनि हामीलाई चाहिएको छ। सरकारले सीमा नाघेमा समाउने धेरै ठाउँ छ। अरु निकायका पनि सीमा छन् । याद गरौं, सीमा नाघ्दा अरुलाई पनि बाँध्ने ठाउँ छ ।

अख्तियार, लोकसेवा आयोग, महालेखाजस्ता हाम्रा संवैधानिक निकायहरू छन्। यी निकायका तोकिएका काम, कर्तव्य र अधिकार छन्। अहिले प्रायः यस्ता संवैधानिक निकायमा लामो समय कर्मचारी प्रशासनमा काम गरेका साथीहरू हुनुहुन्छ। मैले आज यत्ति भन्नै पर्छ- के गर्दा सुशासन कायम हुन्छ, के गर्दा कर्मचारीको मनोवल घट्छ, के गरे सुशासनका लागि काम गरेको हुन्छ, के गरे शासनमा अवरोध हुन्छ, यो कुरा तपाईंहरूलाई राम्रोसँग थाहा छ। नेपालको व्यूरोक्रेसीमा काम गर्ने राम्रो क्षमता छ। राजनीतिक नेतृत्वको सहयोग पाए हप्ता १० दिनमै झण्डै तीन दर्जन कानुन संशोधन गर्ने गरी काम गर्ने क्षमता राख्दोरहेछ भन्ने त हालैको कामले पनि देखाएको छ। यसको मनोवल नगिरोस् भन्नेमा म सचेत छु। तपाईंहरू पनि सचेत रहनु होला ।

सभामुख महोदय,

आज यो सदनमा मैले दिल खोलेर आफ्नो कुरा राखेको छु। म चाहन्छु- ८० को दशक हाम्रासामु समृद्धिका लागि सहकार्यको दशक बनोस्। अबको दशकलाई दीगो आर्थिक विकास, समृद्धि र सामाजिक रूपान्तरण तर्फको यात्रा गर्ने अवसरको रूपमा हामीले लिन सकौं।

यसो एक पटक फर्केर हेरौं त, २०४६ सालपछि हामीले तीन दशक बितायौं। २०५० पछिको एक दशक, अन्यौल र गञ्जागोलको समय भन्दा फरक पदैन। यसलाई वहुदलीय व्यवस्था बिरुद्ध हिंसाको दशक पनि भन्न सकिएला। यो दशक राजनीतिक अस्थिरता, अनिश्चितता र गञ्जागोलले भरिएको दशक थियो ।

'६० को दशकलाई गणतन्त्र स्थापना र संक्रमणकालको दशक भन्न सकिएला। यो दशकले नयाँ संविधान निर्माणको प्रयास गऱ्यो।

'७० को दशक- संक्रमणको अन्त्य, संविधान निर्माण तथा समृद्धिको आधार निर्माणको दशक रह्यो। यस दशकमा नाकाबन्दी र भूकम्पले सिर्जना गरेका बाधाहरू पन्छाउँदै संविधान कार्यान्वयन गर्ने कानुन बनाउने र दूरगामी महत्वका पूर्वाधार निर्माणका काम भए ।

संविधान कार्यान्वयन गर्ने, भूकम्प पछिको पुनर्निर्माण गर्ने, स्थायित्व कायम राख्ने र शान्ति प्रक्रियालाई संस्थागत गर्ने दशकको ...............

# वास्तविक लोकतन्त्रको अनुभूति

- डा. बासुदेव गिरी(गोपबाट)

......... अधिकारको गम्भीर उल्लङ्घन भएको देखिन्छ । राज्य पक्ष र माओवादी पक्ष दुवैबाट मानव अधिकारको व्यापक हनन् भएको थियो । सुरक्षाको नाममा 'जे पनि गर्न छुट छ' भन्ने उन्माद सुरक्षा निकायमा हुर्केको र 'युद्धमा जे पनि जायज छ' भन्ने खालको मानसिकता माओवादीमा प्रकट भइरहेको अवस्थाले जनमानस दुवै पक्षबाट प्रताडित थियो, नागरिक अधिकार हनन भएको अवस्था थियो । यस कालखण्डमा हजारौँले ज्यान गुमाए, लाखौं विस्थापित भए र अबौका भौतिक संरचना ध्वस्त भए । यी विभिन्न कालखण्डले मानव अधिकारको महत्वलाई मात्रै होइन शान्ति, न्याय र पुनर्निर्माणको आवश्यकता कति गहिरो छ भन्ने पाठ पनि हामीलाई सिकाएको छ ।

लोकतन्त्र

लोकतन्त्र भनेको जनताको सहभागिता, स्वतन्त्रता र समानताको सिद्धान्तमा आधारित शासन प्रणाली हो, जस अन्तर्गत जनता सर्वोच्च रहन्छन् र जनताकै चाहना अनुसार शासन सञ्चालित हुन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा जनताका विभिन्न अधिकार हुन्छन् जस्तै : वाक् स्वतन्त्रता, प्रेस स्वतन्त्रता, शान्तिपूर्ण रूपले सङ्गठन गर्ने स्वतन्त्रता, आवतजावत गर्ने स्वतन्त्रता, धार्मिक स्वतन्त्रता आदि इत्यादि । यस्तो शासन प्रणालीमा विद्रोहका सम्भावना न्यून हुन्छन् र नागरिकले असल शासनको अनुभूति गरेका हुन्छन् । लोकतन्त्रले विपन्नलाई आय र निमुखालाई न्याय दिने काम गर्छ । जहाँ आर्थिक रूपले विपन्न, चेतनाको स्तर कमजोर भएका शोषित, पीडित, उत्पीडन र सीमान्तकृत वर्ग रहन्छन् त्यस्तो ठाउँमा लोकतन्त्रको जग कमजोर हुन्छ र जहाँ लोकतन्त्र कमजोर हुन्छ त्यहाँ मानव अधिकार पनि कमजोर नै हुन्छ ।

विपन्न, शोषित, पीडित र सीमान्तकृत वर्गको जीवनस्तर माथि उठाउन सकियो भने लोकतन्त्रको आधार निर्माण हुन्छ । कम्तीमा पनि लोकतान्त्रिक परिवर्तनले भोको पेट, नाङ्गो शरीर र औषधोपचार नपाएर बेदनाले छटपटिएकालाई सम्बोधन गर्न सक्नु पर्छ नत्र भने लोकतान्त्रिक पद्धतिमाथि नै संशय उत्पन्न हुन जान्छ । लोकतान्त्रिक परिवर्तनले सुशासन दिन सक्नु पर्छ । अशान्ति, अराजकता, भ्रष्टाचार र असुरक्षाको अन्त्य गर्न सक्नु पर्छ । समाजमा विद्यमान विभेदलाई अन्त्य गरी विभिन्न समुदायबिच सद्भाव कायम गर्न सक्नु पर्छ । लोकतान्त्रिक मर्यादा र आचरणलाई व्यवहारमा उतार्न सक्नु पर्छ । यसो भएन भने लोकतन्त्रप्रतिको जनमानसको धारणा बदलिन बेर लाग्दैन, जसको फलस्वरूप मानव अधिकार पनि खल्बलिन पुग्छ ।

मानव अधिकार र लोकतन्त्र एक अर्काका परिपूरक हुन् किनकि एकको अभावमा अर्को व्यर्थ हुन्छ । लोकतन्त्रले मानव अधिकारको रक्षा र प्रवर्धन गर्न आवश्यक वातावरण तयार गर्छ भने मानव अधिकारको संरक्षणले लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउँछ । जसले गर्दा नागरिकका अधिकारको सम्मान र पालना हुन्छ यसले समाजमा सहिष्णुता बढाउँछ । मानव अधिकारबिना लोकतन्त्र अधुरो रहन्छ किनभने अधिकारविहीन नागरिकले लोकतन्त्रको वास्तविक रूपमा अनुभूति गर्न सक्दैनन् । त्यसैले मानव अधिकार र लोकतन्त्र एक आापसमा निर्भर हुन्छन्, जसले समाजलाई समावेशी, न्यायपूर्ण र शान्तिपूर्ण बनाउने मार्ग देखाउँछन् । नेपालमा लोकतन्त्र स्थापना भइसकेपछि मानव अधिकारका विषयमा धेरै महत्वपूर्ण कार्य भएका छन् ।

अहिंसा

अहिंसाले क्षमा र करुणालाई आत्मसात् गर्छ । समाजमा भयमुक्त वातावरणको सिर्जना गर्नु यसको मुख्य लक्ष्य हो । अहिंसात्मक संस्कृति जीवन पद्धतिको अङ्ग बन्यो भने समाज साँच्चिकै शान्त र सुन्दर हुन्छ । अँध्यारोबाट उज्यालो तर्फको यात्रा भनेकै हिंसाको अन्त्य गर्दै अहिंसालाई अनन्त बनाउनु हो । हिंसालाई अपनाएर आएको परिवर्तन दिगो हुँदैन । अहिंसाको सम्बन्ध सद्भाव, सहिष्णुता र मानव अधिकारसँग छ । अहिंसाको सिद्धान्तले मानिसलाई शारीरिक, मानसिक र भावनात्मक हिंसाबाट मुक्त राख्न प्रेरित गर्छ । जुन मानव अधिकारको आधारभूत मर्मसँग मेल खान्छ । महात्मा गान्धीले अहिंसालाई 'सत्यको मार्ग' भनेर व्याख्या गरे र यसैलाई अपनाए । त्यसैका माध्यमबाट भारतलाई स्वतन्त्र बनाए ।

अहिंसाले जीवनको सम्मानलाई प्राथमिकता दिँदै युद्ध, अपराध र हिंसात्मक गतिविधिलाई निरुत्साहित गरेर मानव अधिकार सुनिश्चित गर्छ । अहिंसाले शान्ति स्थापना गर्न सहयोग पुऱ्याउँछ जुन मानव अधिकारको प्रबल पक्ष हो । अहिंसा र मानव अधिकारको अन्योन्याश्रित सम्बन्ध छ । विश्वमा बढ्दै गइरहेको युद्ध, आतङ्कवाद र हिंसात्मक गतिविधिले ...


## धुम्रपान मध्यपानले लिन्छ ज्यान

होसियार, होसियार धुम्रपान र मध्यपानले लिन्छ ज्यान । त्यसैले सुर्तिजन्य पदार्थ, तथा मध्यपान सेवन गरेर आफ्नो ज्यान जोखिममा पार्ने मात्र होइन समाजलाई पनि बर्वाद पार्नबाट जोगाउन आफूले धुम्रपान र मध्यपान सेवन नगरौं र गरेको भए पनि आजैदेखि त्यागौं ।

स्वास्थ्य सेवा कार्यालय
दुनै, डोल्पा



## JAGDULLA HYDROPOWER COMPANY LIMITED
## जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड

**CIT Building 5th Floor, Baneshwor, Kathmandu-31, Nepal**

## Invited for Electronic Bids(E-Bidding)

**Publication Date: 19 January 2025**

Jagdulla Hydropower Company Limited (JHCL) invites electronic bids from eligible and experienced bidders under International Competitive Bidding(ICB) procedures for the following works.

| S.N. | Works/Job | Contract identification No. | Last date and time of bid Submission/Bid opening time | Cost of Tender Documents (Bank Deposit/ Bank Guarantee | Bid Security/ Bid bond(Bank Deposit/Bank Guarantee |
|---|---|---|---|---|---|
| 1 | Construction of Lot 2– Civil and Hydro-mechanical Works of Jagdulla PRoR Hydroelectric Project (106MW) under EPC Contract | JHCL/JHEP/ ICB/081/82/ EPC-01 | 5 March 2025, at or before 12:00 hrs. and 14:00 hrs., respectively | 20,000.0 Nepali Rupees or 150 US$ | US$ 3 Million (valid for thirty(30) days beyond the validation period of the bid) |

For more details, Please Contact No. : 01- 4579242 or web: www.jhcl.com.np) or visit PPMO's e-GP system: www.bolpatra.gov.np/egp under the name of Jagdulla Hydropower Company Limited (JHCL).